Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ५२ | वि.सं. २०८३ जेठ २१ बिहीवार | नेपाल संवत: ११४५ | अधिक ज्येष्ठ कृष्ण तृतीया | Thursday 4 June 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## कर्णालीको नीति तथा कार्यक्रम

# कार्यान्वयन नहुने विगतकै योजनामा केन्द्रित

प्रदेश सरकारले सार्वजनिक गरको नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको तहमा लैजाने हो भने सकरात्मक नतिजा हासिल गर्न सकिने देखिन्छ। विगतको तुलनामा केही सुधार भएर आएको नीति तथा कार्यक्रमले रुपान्तरणकारी योजना भने समावेश गरेको छैन। विगतमा नीति ल्याउने तर कार्यान्वयन नगर्ने परिपाटीले आगामी वर्षमा पनि प्रसय पाए सार्वजनिक सरकारको नीति तथा कार्यक्रमले कर्णालीलाई समृद्धिको उचाई दिन सक्ने गरी आएको देखिदैन।

**ओम शाही**
**सुर्खेत, २० जेठ ।**

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। बुधबार प्रदेशसभाको दोस्रो कार्यकालको आठौँ अधिवेशनको पाँचौँ बैठकमा सरकारको नीति तथा कार्यक्रम सार्वजनिक भएको हो।

प्रदेश प्रमुख यज्ञराज जोशीले नीति तथा कार्यक्रमका प्राथमिकता सार्वजनिक गरेपछि मुख्यमन्त्री यामलाल कँडेलले पूर्णपाठ वाचन गरेका थिए। प्रदेश प्रमुख अस्वस्थ भएपछि मुख्यमन्त्रीले नीति तथा कार्यक्रम बाचन गरेका हुन्। सार्वजनिक भएको सरकारको नीति तथा कार्यक्रमले समृद्ध कर्णाली: सुखारी कर्णालीवासीको दीर्घकालीन परिकल्पना कार्यान्वयनलाई प्राथमिकतामा राखेको दावी गरेको छ।

जसका लागि कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना, प्रदेश सरकारका विद्यमान नीति तथा

बाँकी ३ पेजमा



## प्रदेश अस्पताललाई प्रतिष्ठान बनाइने

कर्णाली प्रदेश अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गर्न प्रदेश सरकारले वर्षेनी जोडतोडका साथ नीति तथा कार्यक्रममा योजना बनाउछ। तर, व्यवहारमा भने प्रदेश अस्पताल कहिले स्वास्थ्य विज्ञान प्रतिष्ठान बन्ने हो यसै भन्न सकिने अवस्था छैन।

आगामी वर्ष प्रदेश अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गर्न कानून तर्जुमा गर्ने सरकारले भनेको छ। अस्पताललाई प्रतिष्ठानका रुपमा विकास गर्ने भनेको प्रदेश सरकारले जनशक्ति व्यवस्थापनमा ध्यान दिन सकेको छैन।

आगामी वर्षमा प्रदेश सरकारले कर्णाली प्रदेशको शिक्षा नीति तथा दश वर्षे शिक्षा

बाँकी ४ पेजमा

## लोक रिझ्याई बन्यो सुर्खेत विमानस्थल

प्रदेश स्थापना भएयता सबैभन्दा बढी नीति तथा कार्यक्रममा समावेश हुने विषय हो, सुर्खेत विमानस्थल विस्तारको योजना। हरेक वर्ष दीर्घकालीन आवश्यकता सम्बोधन गर्न प्रादेशिक विमानस्थल निर्माणको लागि संघीय सरकारसँग आवश्यक पहल गरिने योजना अघि सारिन्छ। तर, सुर्खेत विमानस्थल विस्तारको योजना अहिलेसम्म पनि अघि बढ्न सकेको छैन।

त्यस्तै, सुर्खेत विमानस्थलबाट हिमाली जिल्लाका विमानस्थलमा नियमित हवाइ उडानका लागि संघीय सरकारसँगको समन्वयमा हवाइसेवा प्रदायकलाई सहुलियत दिने कार्यक्रम पनि गफैमा सीमित भइरहेको छ। घोषणा भएको लामो समयसम्म पनि प्रदेश सरकारले हवाई सेवामा सहुलियत दिन कार्यविधिसमेत बनाउन सकेको छैन।

सरकारले आगामी वर्ष प्रादेशिक सडक सञ्जाल गुरुयोजना अद्यावधिक गरी

बाँकी ४ पेजमा

## दोहोरिए कृषिका योजना

कर्णाली प्रदेश सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा कृषितर्फका विगतकै योजनाले निरन्तरता पाएका छन्। जसमध्ये वर्षेनी नीति, कार्यक्रम तथा बजेटमा समावेश भइरहने सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा विषादी अवशेष परीक्षण सेवा सञ्चलानमा ल्याइने योजना हो।

कर्णाली भित्रिने यी दुई नाकामा विषादी अवशेष परीक्षण गर्ने योजना आफैमा महत्वपूर्ण हो। कर्णालीमा तरकारी तथा फलफूलमा मिसाइएको विषादी परीक्षण गर्ने प्रयोगशाला छैनन्। योजना घोषणा भएको लामो समय भइसक्दा प्रयोगशालाको भवन बन्नु बाहेक प्रगति भएको छैन। कृषि उत्पादनको सुनिश्चित बजार तथा किसानको आय अभिवृद्धि गर्न किसान, सहकारी र निजी क्षेत्रबिच उत्पादन तथा खरिद सम्झौतामा आधारित कृषि प्रणाली प्रवर्द्धन गर्दै चक्लाबन्दी, सामूहिक खेती र करार खेतीलाई प्रोत्साहन गरिने योजना पनि नीतिमा मात्रै समावेश भइरहेका छन्।

सीमान्तकृत, भूमिहीन, हलियामुक्त तथा विपन्न वर्गका लागि खाद्य तथा पोषण सुरक्षामूलक जीविकोपार्जन कार्यक्रम सञ्चालनका योजना पनि पुरानै हुन्। एकीकृत कृषि विकासमार्फत प्राकृतिक खेती, प्राङ्गारिक खेती तथा स्थानीय उत्पादनमा आधारित कृषि पर्यटन प्रवर्द्धन गरिने योजना निरन्तर सरकारका नीति तथा कार्यक्रममा समावेश हुन्छन् तर कार्यन्वयनमा जादैनन्।

कृषि पर्यटन गन्तव्य तथा एग्रो टुरिजम भिलेज विकास गरी स्थानीय

बाँकी ४ पेजमा

## संविधानसँग सम्बन्धित सम्झौताहरूको अध्ययनमा कार्यदल

**युग संवाददाता**
**काठमाडौँ, २० जेठ ।**

संविधान संशोधनसम्बन्धी बहसपत्र तयार गर्न गठित कार्यदलले विगतमा सरकार र विभिन्न आन्दोलनरत पक्षबीच भएका सम्झौता तथा सहमतिहरू अध्ययन गर्ने भएको छ। प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले संविधान संशोधनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित सम्झौताका प्रतिलिपि उपलब्ध गराउन सम्बन्धित मन्त्रालय तथा सरकारी कार्यालयलाई आग्रह गरेको छ।

कार्यदलका सदस्यसचिव लीलाधर सुवेदीका अनुसार बहसपत्र तयार गर्ने क्रममा विगतका वार्ता, छलफल तथा लिखित सहमतिहरूमा संविधानसम्बन्धी विषय कसरी समेटिएका थिए भन्ने अध्ययन गरिनेछ। यसका लागि कार्यदल सचिवालयले सबै मन्त्रालय तथा सम्बन्धित कार्यालयलाई पत्राचार गरिसकेको छ।

सचिवालयका अनुसार २०६३ सालको विस्तृत शान्ति सम्झौता, मधेस, थारुहट तथा आदिवासी जनजाति आन्दोलनसँग सम्बन्धित सहमति, विभिन्न धार्मिक समुदाय, शिक्षक, दलित, महिला, चिकित्सक तथा स्वास्थ्यकर्मी, कर्मचारी र स्थानीय तहका जनप्रतिनिधिका आन्दोलनपछि भएका सम्झौताहरू अध्ययनको दायरामा रहनेछन्। संविधान, सङ्घीयता, समावेशिता, प्रतिनिधित्व, पहिचान तथा राज्य पुनर्संरचनासँग सम्बन्धित विभिन्न प्रतिबद्धता र सहमतिहरूको पनि समीक्षा गरिने जनाइएको छ।

कार्यदलले संविधान निर्माण तथा कार्यान्वयनका क्रममा विभिन्न समुदाय, क्षेत्र र सरोकारवाला पक्षले उठाएका माग तथा ती माग सम्बोधनका लागि सरकारले गरेका प्रतिबद्धताको समग्र अध्ययन गरी संविधान संशोधनका सम्भावित विषय पहिचान गर्ने उद्देश्य राखेको जनाएको छ।

## यू-१९ राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता हुँदै

**युग संवाददाता**
**सुर्खेत, जेठ २० ।**

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा पहिलो पटक राष्ट्रियस्तरको १९ वर्षमुनीको टी २० राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता आयोजना हुने भएको छ। सन् २०२७ मा बंगलादेश र नेपालमा संयुक्त रूपमा आयोजना हुने उमेर समूहको महिला विश्वकप क्रिकेटमा प्रतिनिधित्व गर्ने नेपाली टोलीमा समावेश हुने महिला खेलाडीको छनोटका लागि प्रतियोगिता आयोजना हुन लागेको हो।

नेपाल क्रिकेट संघ (क्यान) को वार्षिक कार्यक्रम अनुसार कर्णाली प्रदेश क्रिकेट संघको आयोजनामा प्रतियोगिता आगामी जेठ २२ गतेदेखि असार १ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ। बुधबार वीरेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमा क्यानका कोषाध्यक्ष पदमबहादुर खड्काले प्रतियोगितामा देशका सातवटै प्रदेशका महिला टोलीहरूको सहभागिता रहने दिए।

कर्णालीमा महिला क्रिकेटको इतिहासमा यो पहिलो राष्ट्रिय प्रतियोगिता भएकाले यसलाई ऐतिहासिक अवसरका रूपमा लिइएको उनले बताए। खड्काले गत वर्ष सफलतापूर्वक सम्पन्न गरिएको यू-१६ पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितापछि कर्णालीले दोस्रोपटक राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना गर्ने अवसर पाएको भन्दै यसले प्रदेशको क्षमता र सम्भावनालाई थप उजागर गर्ने

बाँकी ३ पेजमा







## सम्पादकीय....

# वादी वस्तीमा स्वच्छ खानेपानीको सुनिश्चितता गर !

सुर्खेतको वीरेन्द्रनगरमा यतिबेला राष्ट्रिय गौरव र प्राथमिकतासँग जोडिएको भेरी लिफ्ट खानेपानी आयोजना तीव्र गतिमा निर्माण भइरहेको छ। झण्डै ६ अर्ब रुपैयाँ लागतको यो आयोजना सम्पन्न भएपछि सन् २०५० सम्मका लागि वीरेन्द्रनगरवासीलाई दिगो खानेपानी आपूर्ति गर्ने लक्ष्य राखिएको छ। स्वच्छ खानेपानीको पहुँच विस्तार गर्ने दृष्टिले यो निस्सन्देह कर्णालीकै रणनीतिक महत्वको आयोजना हो। तर, विडम्बना के छ भने यही आयोजनाको छेउमा रहेको झुप्रा खोलाको बादी बस्तीका नागरिक भने आज पनि स्वच्छ खानेपानीको आधारभूत सुविधाबाट वञ्चित छन्। नेपालको संविधानले स्वच्छ खानेपानी तथा सरसफाइलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३५(४) ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी र सरसफाइमा पहुँचको अधिकार प्रदान गरेको छ। तर, कानुन र व्यवहारबीचको दूरी झुप्रा खोलाको बादी बस्तीमा स्पष्ट देखिन्छ। राज्यले अर्बौं रुपैयाँ खर्च गरेर शहरका लागि खानेपानीको दीर्घकालीन समाधान खोजिरहँदा त्यही शहरको छेउमा बसोबास गर्ने एक सय पचासभन्दा बढी परिवारले प्रदूषित खोलाको पानी छानेर पिउन बाध्य हुनु लोकतान्त्रिक राज्य व्यवस्थामाथिकै प्रश्न हो।

दशकौंदेखि झुप्रा खोला किनारमा बसोबास गर्दै आएका बादी समुदायका नागरिकको समस्या नयाँ होइन। उनीहरू वर्षौंदेखि खानेपानीको अभाव, स्वास्थ्य जोखिम र सामाजिक उपेक्षाको पीडा भोगिरहेका छन्। पहिले स्वच्छ रहेको झुप्रा खोलाको पानी अहिले फोहोर, अव्यवस्थित उत्खनन र वातावरणीय बेवास्ताका कारण प्रदूषित बनेको छ। स्थानीयहरू टाइफाइड, झाडापखाला, एलर्जी लगायतका सरसफाइजन्य रोगको जोखिममा बाँचिरहेका छन्। महिलाहरूले महिनावारीका समयमा समेत सुरक्षित पानीको अभाव झेल्नुपरेको अवस्था मानव मर्यादामाथिको गम्भीर चुनौती हो। झन चिन्ताजनक पक्ष के छ भने बस्तीमा खानेपानी पुऱ्याउने न्यूनतम प्रयाससमेत राज्यले गरेको देखिँदैन। स्थानीयले पटक-पटक नगरपालिका, प्रदेश सरकार र सम्बन्धित निकायलाई गुहारे पनि सुनुवाइ भएको छैन। बरु गैरसरकारी संस्थाहरूले सहयोग नगरेको भए आज बस्तीमा खानेपानीको पहुँच अझ दयनीय हुने थियो। आधारभूत आवश्यकता पूरा गर्ने जिम्मेवारी राज्यको हो, दातृ निकायको होइन। जब नागरिकको मौलिक हक दाताको दयामा निर्भर हुन थाल्छ, त्यतिबेला राज्यको उत्तरदायित्वमाथि गम्भीर प्रश्न उठ्छ।

अर्कोतर्फ, राजस्व संकलनको नाममा झुप्रा खोलामा भइरहेको अव्यवस्थित नदीजन्य पदार्थ उत्खननले स्थानीयको जीवन झन् जोखिमपूर्ण बनाएको छ। खोलाको प्राकृतिक स्वरूप बिग्रिएको छ, बाढीको जोखिम बढेको छ र पानीका स्रोतहरू थप प्रदूषित भएका छन्। वातावरणीय प्रभाव मूल्यांकनका मापदण्ड कागजमा सीमित हुँदा त्यसको प्रत्यक्ष असर विपन्न समुदायले भोग्नुपरेको छ। विकासको वास्तविक अर्थ ठूला आयोजना निर्माण गर्नु मात्र होइन, त्यसको लाभ सबै नागरिकसम्म न्यायपूर्ण रूपमा पुऱ्याउनु पनि हो। भेरी लिफ्ट खानेपानी आयोजना कर्णालीको गौरव बन्न सक्छ, तर त्यसको छेउमै रहेको बादी बस्ती तिर्खै रह्यो भने त्यो गौरव अपूर्ण रहनेछ। झुप्रा खोलाका बादी समुदायलाई स्वच्छ खानेपानी उपलब्ध गराउनु कुनै ठूलो आर्थिक भार होइन, बरु संवैधानिक दायित्व र मानवीय जिम्मेवारी हो। अब राज्यले योजना, नीति र भाषणभन्दा माथि उठेर यस्ता उपेक्षित समुदायको आधारभूत अधिकार सुनिश्चित गर्ने काममा अग्रसर हुनुपर्छ। अन्यथा विकासका अर्बौं खर्च र नागरिकको एक घुट्को स्वच्छ पानीबीचको यो विरोधाभास अझै लामो समयसम्म हाम्रो सामूहिक असफलताको प्रतीक बनेर रहनेछ।

## विश्व

# अर्मेनियाका प्रधानमन्त्रीद्वारा पुटिनको प्रस्ताव अस्वीकार

**काठमाडौँ, २० जेठ ।** जनमतसंग्रहलाई लिएर रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले गरेको आग्रह अर्मेनियाका प्रधानमन्त्री निकोला पासिनयानले अस्वीकार गरेका छन्।

सोमबार प्रधानमन्त्री पासियानलाई जन्मदिनको शुभकामना दिदैं पुटिनले युरासियन इकोनोमिक युनियन (ईएईयू) छाडेर युरोपेली युनियन (ईयू) मा आबद्ध हुने विषय जनमतसंग्रहमार्फत टुंग्याउन आग्रह गरेका थिए।

तर पुटिनले गरेको यस्तो तर्कविहिन मागलाई अस्वीकार गरिएको पासिनयानले बताए। रुसी नेतृत्वको युरासियन आर्थिक युनियन (ईएईयु) मा सदस्य रहदैं आएको अर्मेनियाले पछिल्लो समय ईयू सदस्यताका लागि पहल गर्दै आएको छ। तर, अहिलेसम्म औपचारिक निवेदन दिइसकेको छैन।

अर्मेनियाको संसद्बाट मार्च २०२५ मा पास भएको कानुनमा ईयू सदस्यता प्रक्रिया सुरु गर्ने उल्लेख छ।

यसअघि अर्मेनियाले गत महिना आयोजना गरेको पहिलो ईयू सम्मेलनमा युक्रेनी राष्ट्रपति भोलोदमिर जेलेन्स्कीसहितका नेताहरु उपस्थित थिए। फ्रान्सका राष्ट्रपति इम्मानुयल म्याक्रोलाई पनि अर्मेनियाले स्वागत गरेको थियो। यी कदमहरुको रुसले आलोचना गर्दै आएको छ।

२९ मेमा रुस र ईएईयुका अन्य सदस्य राष्ट्र बेलारुस, काजाकिस्तान र किर्गिजस्तानले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै जनमतसंग्रहमार्फत ईएईयूमै बस्ने वा ईयूमा आबद्ध हुने निर्णय लिन अर्मेनियालाई आग्रह गरेका थिए।

पुटिनले ईएईयूमा आबद्ध देशहरु युरोपेली युनियनको सदस्य बन्न नमिल्ने बताउँदै आएका छन्। जबकि, पासिनयानले दुईमध्ये एक रोज्नुपर्ने अवस्था नआउँदासम्म आफ्नो देशले दुबै संस्थाको सदस्यता लिने बताएका छन्। त्यस्तै, ईयू सदस्य हुनका लागि औपचारिक आवेदन दिनुअघि गरिने कुनै पनि जनमतसंग्रह व्यवहारिक रुपमा अर्थपूर्ण नहुने उनले बताएका छन्।

'सैद्धान्तिक रोजाईलाई लिएर जनमतसंग्रह गर्नु संवदेनशील र व्यवहारिक दुबै हुँदैन,' पासिनयानले भने। उनले रुससँगको सम्बन्ध रुपान्तरणको चरणमा रहेको बताए।

७ जुन, आइतबार अर्मेनियामा संसदीय चुनाव हुँदैछ। निर्वाचनले अर्मेनियाको भू-राजनीतिक निकटतालाई पुनर्व्याख्या गर्नसक्ने भएकाले यसलाई निकै चासोका साथ हेरिएको छ।

# उपेक्षामा आँखाको हेरचाह



✍ **प्रा.डा डिबी कार्की**

सर्वविदितै छ, जीवनमा आँखाको महत्व अवर्णनीय छ। जीवन र जगत् देख्नका लागि अत्यावश्यक आँखाको हाम्रो जीवनमा सर्वोपरि महत्व छ। आँखा अत्यन्त सम्वेदनशील अङ्ग पनि हो, यसको हेरचाह र रक्षाका सन्दर्भमा उच्च सम्वेदनशीलता अपनाउन आवश्यक छ। पछिल्लो समय साना बालबालिकादेखि वयस्क र वृद्धावस्थाका मानिसले मोबाइल, कम्प्युटर र टिभीको प्रयोग अधिक गरेसँगै आँखामा अनेक समस्या आउने गरेको छ। उद्योग, कलकारखाना, कृषिलगायत विभिन्न क्षेत्रमा काम गर्ने व्यक्ति तथा खेलाडीले आँखामा हुने चोटपटकको समयमै आवश्यक सावधानी र उपचार नगर्दा जीवनभर अन्धकारमा बस्नुपर्ने हुन्छ। कतिपय रोगका बिरामीले पनि आँखाको स्वास्थ्यमा ध्यान दिनुपर्ने हुन्छ।

यी विभिन्न अवस्थामा कसरी आँखालाई सुरक्षित र दृष्टि शक्तिलाई कायमै राख्न सकिन्छ भन्नेबारेमा यसलेखमा केही सावधानीका उपायका बारेमा उल्लेख गरिएको छ। लामो समयसम्म मोबाइल, कम्प्युटर र टिभीको स्क्रिन हेर्दा आँखा थाक्ने, पोल्ने र टाउको दुख्ने समस्या हुने हुँदा २०-२०-२० नियम अपनाउन सकिन्छ अर्थात् हरेक २० मिनेट, २० फिट टाढाको वस्तु २० सेकेन्डका लागि हेर्ने बानी बसाल्न सकिन्छ। साथै, स्क्रिन आँखाबाट एकहात टाढा राख्ने, धेरै चम्किलो स्क्रिन प्रयोग नगर्ने, अँध्यारोमा मोबाइल प्रयोग गर्नुहुँदैन। त्यस्तै घाम, धुलो र धुवाँबाट जोगिनुपर्छ, घाममा निस्कँदा धुप चस्मा वा टोपी लगाउँदा आँखालाई दबाब पर्दैन। फलाम वेल्डिङको उज्यालो र घामलाई नाङ्गो आँखाले हर्दा पनि आँखाको दृश्य शक्ति ह्रास हुन्छ।

धुलो हुने ठाउँमा काम गर्नुपर्दा आँखाको सुरक्षाका लागि सुरक्षात्मक चस्मा लगाउनुपर्ने हुन्छ। सामान्यतः दिनमा एक-दुई पटक सफा पानीले अनुहार र आँखा पखाल्ने बानीले आँखामा धुलो, धुवाँको सङ्क्रमण हुन पाउँदैन। आँखा पोल्यो वा धुलो पऱ्यो भने धेरैले हात वा अन्य कुनै वस्तुले मिच्ने वा घोट्ने गर्छन्। यसो गर्नु हुँदैन, सफा पानीले विस्तारै पखाल्नुपर्छ। सफा पानीले सफा हात वा नरम कपडाले आँखा सफा गर्नुपर्छ। पढ्दा वा लेख्दा सही बत्ती प्रयोग गरिएमा आँखालाई बोझ पर्दैन। धेरै तेज वा धमिलो नभएको बत्तीमा पढ्दा वा लेख्दा पर्याप्त प्रकाश हुनुपर्छ। सुतिरहेका अवस्थामा वा सवारीसाधन हिँड्दा पढ्न वा मोबाइल चलाउने राम्रो होइन। आँखा थाकेपछि आराम दिनुपर्छ। आँखालाई आराम दिन दैनिक सात-आठ घण्टा सुत्नुपर्छ। लामो समय काम गरेपछि केही मिनेटका लागि आँखालाई बन्द गरेर विश्राम दिनुपर्छ।

आँखाको स्वास्थ्यका लागि केही गलत बानी त्याग्नुपर्छ। अन्य स्वास्थ्यको जस्तै आँखाको स्वास्थ्यका लागि पनि धुमपानको आदत हुनुहुँदैन। यसले आँखाको नसामा असर गर्छ। रक्सीको सेवनले आँखालाई सुक्खा र कमजोर बनाउने हुँदा यसबाट टाढै बस्नु राम्रो हुन्छ। आँखा बिझाउने वा पोल्नेबित्तिकै डाक्टरको सल्लाहबिना नै आइ-ड्रपलगायत आँखाको औषधि प्रयोग गर्नुहुँदैन।

आँखाको स्वास्थ्यका लागि दुई वर्षमा एकपटक परीक्षण आँखाको जाँच गराउने गर्नुपर्छ। दृष्टि धमिलो देखिएमा, आँखा दुखेमा, रातोपन बढेमा वा पानी आउने गरेमा, राति देख्न गाह्रो भएमा, दृष्टि अचानक घटेमा तुरुन्तै नेत्र चिकित्सक कहाँ जानुपर्छ। चस्मा वा लेन्स प्रयोग गर्दा सामान्य ध्यान नदिँदा पनि समस्या आउने गर्दछ। चस्मा प्रयोगकर्ताले सधैँ सफा कपडाले पुछ्नुपर्छ भने अरुको चस्मा वा लेन्स प्रयोग गर्नुहुँदैन। अभिभावकले बालबालिकाको आँखाको हेरचाहमा विशेष ध्यान दिन आवश्यक हुन्छ।

**बालबालिकाको आँखाको स्वास्थ्य**

बालबालिकालाई गाजर सागपात, अण्डा, दूध, आँप, कागती, गोलभेँडा, माछाजस्ता स्वस्थ खाना खुवाउनुका साथै पर्याप्त पानी पिउन प्रेरित गर्नुपर्छ। भिटामिन ए, सी र ई युक्त खानेकुराले आँखालाई बलियो र स्वस्थ राख्न मद्दत गर्छ। उनीहरुलाई धेरैबेर मोबाइल वा टिभी हेर्न दिनु हुँदैन, यसले आँखा पोल्ने, थाक्ने र टाउको दुख्ने समस्या आँउछ। बच्चालाई २०-२०-२० नियम अर्थात् हरेक २० मिनेटमा २० फिट टाढाको वस्तु २० सेकेन्ड हेर्ने बानी लगाउनुपर्छ। स्क्रिन धेरै नजिक राख्न र अध्याँरोमा मोबाइल चलाउन दिनुहुँदैन। बच्चाको आँखालाई धुलो र घामबाट बचाउन बाहिर खेल्दा टोपी वा धुप चस्मा लगाइदिने, धुलो वा धुवाँ हुने ठाउँमा लामो समय खेल्न नदिने, बच्चालाई आँखामा धुलो वा किरा आँखामा परेमा मिच्न सिकाउनु हुँदैन। जथाभावी आँखा मिच्दा आँखामा सङ्क्रमण हुनसक्छ। साबुनपानीले हात धुन सिकाउने, सफा पानीले आँखा पखाल्न लगाउनुपर्छ।

साथै, अरूसँग रुमाल, टाबेल वा तकिया साटेर प्रयोग गर्न दिनुहुँदैन। पढ्ने ठाउँमा पर्याप्त र मृदु प्रकाशको व्यवस्था मिलाउनुपर्छ। अँध्यारोमा वा सुतिरहेका अवस्थामा पढ्न दिनुहुँदैन। पढ्दा आँखाबाट करिब एक फिट टाढा किताब राख्ने बानी बसाल्नुपर्छ। बच्चालाई दैनिक केही समय खेल्न दिएमा यसले आँखाको दृष्टि प्राकृतिक रूपमा सुदृढ बनाउँछ। क्रिकेट, फुटबल, व्याडमिन्टनजस्ता खेलमा सुरक्षात्मक चस्मा लगाउन दिनुपर्छ। धारिलो वा सिसाजन्य खेलौना खेल्न दिनुहुन्न। बच्चाले दैनिक सात-नौ घण्टा राम्रोसँग सुत्नुपर्छ। लामोसम्म पढेपछि वा टिभी हेरेपछि आँखालाई केहीबेर आराम गर्न लगाउनुपर्छ। कुनै समस्या नदेखिए पनि हरेक एक-दुई वर्षमा बच्चाको आँखा परीक्षण गराउनुपर्छ। बच्चाले किताब वा टिभी नजिकै हेर्छ भने, बारम्बार आँखामा हात लगाउँछ वा मिच्छ भने, दृष्टि धमिलो भएको गुनासो गर्छ भने आँखाको दिशा फरक दखिन्छ भने तुरुन्त नेत्र चिकित्सक कहाँ लैजानुपर्छ।

**औद्योगिक क्षेत्रमा काम गर्नेले ध्यान दिनुपर्ने कुरा**

औद्योगिक क्षेत्रमा काम गर्ने कामदार आँखामा चोटपटक वा धुलो धुवाँबाट बढी प्रभावित हुन्छन्। काम गर्दा धुलो, धातुका टुक्रा, रासायनिक पदार्थ वा चिङ्गारीले आँखामा चोट पुऱ्याउन सक्छ। त्यसैले उनीहरुले आँखाको हेरचाहका लागि काम गर्दा फिल्टर भएको हेल्मेट र सुरक्षा चस्मा लगाउनुपर्छ भने वेल्डिङ, ग्राइल्डिङ, काट्ने वा पेन्ट गर्ने काममा विशेष चस्मा प्रयोग गर्नुपर्छ। वेल्डिङको तेज प्रकाशले आँखामा 'वेल्डर बर्न' नामको जलन ल्याउँछ।

पेन्ट, एसिड, सोल्भेन्ट, ग्रीस, वा अन्य केमिकलहरू आँखामा परेमा तरुन्त सफा पानीले १०-१५ मिनेटसम्म पखाल्नुका साथै तुरुन्त नेत्र चिकित्सक कहाँ तुरुन्त जानुपर्छ। सुरक्षात्मक मास्क र चस्मा लगाएर रासायनिक पदार्थ प्रयोग गरेका सम्भावित जोखिम कम हुन्छ। अध्याँरोमा वा छायाँमा काम गर्दा आँखामा बढी चाप पर्ने हुँदा पर्याप्त बत्ती भएको ठाउँमा काम गर्नुपर्छ। काम गर्दा धुलो र धुवाँ बढी हुने ठाउँमा भेन्टिलेसन राम्रो भएको ठाउँ रोज्नुपर्छ। आँखामा धुलो धातुका टुक्रा वा रासायनिक पदार्थ परेमा आँखा मिच्नुहुँदैन। तुरुन्त सफा पानीले पखाल्नुहोस्। यसपछि नजिकको स्वास्थ्य केन्द्र वा नेत्र चिकिल्सकलाई देखाउनुपर्छ। सामान्य हो भनेर पर्खिनु कहिल्यै हुँदैन। सानो चोटले पनि ठूलो समस्या ल्याउन सक्छ। औद्योगिक क्षेत्रमा काम गर्ने व्यक्तिले हरेक छ महिनामा एकपटक आँखाको जाँच गराउने तथा दृष्टि धमिलो, पोल्ने, रातो हुने वा पानी आउने समस्या भएमा तुरुन्त नेत्र विशेषज्ञलाई देखाउनुपर्छ।

**खेलाडीले अपनाउनुपर्ने सतर्कता**

खेलकुदका क्रममा प्रयोग हुने खेल सामग्री अन्य खेल उपकरणले आँखामा चोट पुऱ्याउन सक्छ। क्रिकेट, ब्याडमिन्टन, टेबल टेनिस, बास्केटबल, फुटबल रग्बी खेलमा आँखाको सुरक्षा अनिवार्य छ। त्यसैले खेलको प्रकारअनुसार सुरक्षात्मक चस्माको प्रयोग गर्नुपर्छ। धाममा खेल्दा सूर्यको हानिकारक किरणबाट बच्न धुप चश्मा लगाउनुपर्छ। धुलो र हावावालो ठाउँमा खेल्दा आँखा पोल्ने पानी आउने र रातो हुने समस्या हुनसक्ने भएकाले टोपी वा हेडब्यान्ड लगाउने गर्नुपर्छ। खेलाडीले आफ्नो आँखा स्वस्थ राख्न केही सावधानी अपनाउनुपर्ने हुन्छ।

जस्तै : खेलपछि हात सफा नगरी आँखामा नछुने, पसिना वा धुलो आँखामा पेरमा सफा पानीले पखाल्ने, रुमाल वा टाबल अरूसँग साटेर प्रयोग नगर्ने। बल, औंला वा कुनै वस्तुले आँखामा चोट लाग्दा भित्री चोट लाग्नसक्छ। तुरुन्त ठण्डा पानी वा बरफले सेक्ने र त्यसलाई बेवास्ता नगरी नेत्र चिकित्सक कहाँ जानुपर्छ।

कन्ट्याक्ट लेन्स प्रयोग गरेका खेलाडीले थप सावधानी अपनाउनुपर्ने हुनसक्छ। खेल्दा पसिना वा धुलोका कारण कन्ट्याक्ट लेन्स बिग्रिन सक्छ। सम्भव भएसम्म स्पोर्टस् गगल्स प्रयोग गर्ने र लेन्स प्रयोज गर्दा हरेकपटक सफा हातले लगाउने र निकाल्ने बानी बसाल्नुपर्छ। अध्याँरो वा अत्यधिक तेज बत्ती भएको मैदानमा खेल्दा आँखामा तनाव आउने हुँदा उचित प्रकाश भएको ठाउँमा खेल्नुपर्छ, जसबाट वस्तु स्पष्ट देखियोस्।

आँखाको शक्ति बढाउन गाजर, सागपात, आँप, सुन्तला, अण्डा, माछा, दूधजस्ता खानेकुराले भिटामिन ए, बी, सीले दृष्टि समृद्ध तुल्याउँछ। खेलपछि शरीर मात्र होइन, आँखालाई पनि विश्राम चाहिन्छ। राति सात-आठ घण्टा सुत्नुहोस ताकी आँखाले पनि पुनः शन्ति पाओस्। लामो समयको अभ्यासपछि केहीबेर आँखा बन्द गरेर विश्राम लिने गर्नुपर्छ। खेलाडीहरूले हरेक वर्षमा कम्तीमा एकपटक आँखाको परीक्षण गराउनुपर्छ। दृष्टि धमिलो भएमा, आँखा पोलेमा, पानी आउने वा दोहोरो देखिने समस्या भए तरुन्त नेत्र चिकित्सकहाँ सम्पर्क गर्नुपर्छ।

**विभिन्न रोगका बिरामीले दिनुपर्ने ध्यान**

अधिकांश मानिस विभिन्न सर्ने वा नसर्ने खालका रोगबाट पीडित हुन्छन्। त्यस्त बिरामीले आफूलाई लागेको रोगको उपचारसँगै त्यसले आँखामा पार्नसक्ने जटिलता हुन नदिन विशेष सावधानी अपनाउनुपर्ने हुन्छ। यहाँ केही रोगका बिरामीले दिनुपर्ने ध्यानका बारेमा उल्लेख गरिएको छ।

मधुमेहका बिरामीले दिनुपर्ने ध्यान : लामो समय उच्च मधुमेहको समस्यामा जेलिँदा आँखाका साना नसा बिग्रन्छन्। यसलाई डाइबेटिक रेटिनोप्याथी भनिन्छ। यसले मधुमेहका बिरामीको दृप्टि हराउन सक्छ। सर्वप्रथम त उनीहरुले चिनी, रक्तचाप र कोलेस्ट्रोल नियन्त्रणमा राख्नुका साथै नियमित रूपमा औषधि र खानामा ध्यान दिनुपर्छ। दृष्टि धमिलो हुने, कालो डाबर देखिने वा उज्यालोमा समस्या देखिए तुरुन्त डाक्टरलाई देखाउनुपर्ने हुन्छ। दृप्टि ठीक भए पनि वर्षको एकपटक आँखाको जाँच गराउनु आवश्यक हुन्छ। यदि आँखामा समस्या देखिएको छ भने तीन-छ महिनामा नेत्र चिकित्सक कहाँ जानुपर्ने हुन्छ।

रक्तचाप भएका बिरामीले दिनुपर्ने ध्यानः रक्तचाप बढी हुँदा आँखाका नसामा असर पर्छ जसलाई 'हाइपरटेन्सिभ रेटिनोप्याथी' भनिन्छ। यस्ता बिरामीले आफ्नो रक्तचाप नियमित रूपमा नाप्नुहोस् र औषधि समयमा लिने, नुन कम खानुहोस्, तनाव घटाउने र नियमित व्यायाम गर्नुपर्छ। आँखामा परिवर्तन देखिएको छ भने छ महिनामा एकपटक र सामान्य अवस्थामा पनि बिरामीले प्रत्येक एक -दुई वर्षमा आँखाको जाँच गराउनुपर्छ।

क्षयरोगका बिरामीले दिनुपर्ने ध्यान : कुनैकुनै औषधि जस्तै इथामबुटोलले आँखाको नसामा असर पारी दृष्टि धमिला बनाउन सक्छ। त्यसैले यस्ता औषधि सुरु गर्नुअघि आँखाको जाँच गराउनुपर्छ। उपचारका क्रममा दृष्टि धमिलो हुने, रङ्ग देख्न गाह्रो भएमा वा आँखामा दुखाई भएमा तुरुन्त सम्बन्धित चिकित्सकलाई देखाउनुपर्छ। यस्तो अवस्थामा औषधि आफैँ रोक्न हुन्न। यस्ता बिरामीले औषधि सुरु गर्नुअघि आँखाको जाँच गराउने, बीचमा पनि महिनामा एकपटक दृष्टि जाँच गर्दा राम्रो हुन्छ भने उपचार समाप्त भएपछि अन्तिम जाँच गराउँदा जटिलता आउन पाउँदैन।

गठियाका बिरामीका लागि : गठिया रोगले कहिलेकाहीं आँखामा युभेटिइस सुजन वा कण जम्मा हुने समस्या ल्याउनसक्छ। यस्ता बिरामीले युरिक एसिड नियन्त्रणमा राख्ने, प्रशस्त पानी पिउने, रातो मासु, रक्सी र माछा कम खाने गर्नुका साथै आँखामा रातोपन आएमा, आँखा पोलेमा वा दृष्टि धमिलो भएमा तुरुन्त जाँच गराउनुपर्छ। रोग नियन्त्रणमा भइसकेका अवस्थामा पनि वर्षमा एकपटक आँखाको जाँच गराउन र आँखामा कुनै समस्या देखापरेमा तुरुन्त नेत्र विशेषज्ञकहाँ जानुपर्छ। *(प्रस्तुत विचार वरिष्ठ नेत्ररोग विशेषज्ञ डा कार्कीसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ।

**वृष** — सुखद् समाचारले उत्साह जगाउनेछ। अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। आम्दानीका स्रोत बढ्ने छन्।

**मिथुन** — पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ।

**कर्कट** — खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ। दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला।

**सिंह** — दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ।

**कन्या** — कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ।

**तुला** — धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ। आस मारेको काम बन्नाले उत्साह जाग्नेछ।

**वृश्चिक** — व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ।

**धनु** — पछिका लागि अवसर खोजी गर्ने समय छ। पेसा-व्यवसायमा विशेष लाभ लिने समय छ। व्यापार बढ्नेछ भने आम्दानी पनि प्रशस्तै बढ्नेछ।

**मकर** — पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन्।

**कुम्भ** — अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ।

**मीन** — प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ वा हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ।

## वन पैदावरको उपयोग :
# दुनाटपरीले आत्मनिर्भर

**◣इन्द्राकुमारी केसी/रासस**
**कैलाली, २० जेठ ।**

लम्कीचुहा नगरपालिका-१ भुरुवाकी धना बोहराको जीवन केही वर्षअघिसम्म सामान्य ग्रामीण महिलाको जस्तै थियो । उहाँको अधिकांश समय घरधन्दा, बालबच्चाको हेरचाहमा बित्थ्यो । श्रीमान्को एकल आम्दानीमा आश्रित परिवार आर्थिक रूपमा सङ्घर्षरत थियो । दैनिक आवश्यकता पूरा गर्न कठिन थियो । सीमित आम्दानी, बढ्दो खर्च र भविष्यप्रतिको अनिश्चितताले परिवारलाई निरन्तर दबाब थियो ।

चार वर्षअघि एउटा सीपमूलक तालिमले बोहराको जीवनलाई अघि बढाउने मार्ग नै बदलिदियो । स्थानीय सरकारले सञ्चालन गरेको दुनाटपरी बनाउने तालिममा सहभागी भएपछि उनले आफ्नो क्षमता पहिचान गर्ने अवसर पाए । तालिमपछि नगरपालिकाले पनि मेसिन उपलब्ध गरायो । उनले 'सृजनशील दुनाटपरी उद्योग'स्थापना गरे । सुरुमा सानो प्रयासका रूपमा सुरु भएको उद्योग आज स्थानीयस्तरमा सफल उद्यमको उदाहरण बनेको छ ।

बोहराको उद्योगमा अहिले आठ जना स्थानीय महिलाले नियमित रोजगारी पाइरहेका छन् । बिहान जङ्गलबाट सालको पात सङ्कलन गर्ने र दिउँसो उद्योगमा दुनाटपरी उत्पादन गर्ने उहाँको दैनिकी बनेको छ । उद्योगबाट दैनिक हजारभन्दा बढी दुनाटपरी उत्पादन हुने गरेको छ । दसैं, तिहार, माघेसङ्क्रान्ति, श्राद्ध, पूजाआजा, मेला तथा थारू समुदायका विवाह समारोहमा यसको माग अत्यधिक हुने गरेको छ ।

कतिपय विवाहमा १० हजारभन्दा बढी दुनाटपरी आवश्यकपर्ने भएकाले मागअनुसार उत्पादन गर्न कठिन हुने अवस्था भएको बोहरा बताउँछन् । धनाको जीवनमा आएको परिवर्तन केबल व्यक्तिगत सफलता होइन । यो वन पैदवारको सदुपयोगले ग्रामीण समाजमा ल्याएको आर्थिक तथा सामाजिक रूपान्तरणको प्रतिनिधि उदाहरण हो । उनी जस्ता सयौं उद्यमीले वनमा आधारित व्यवसायमार्फत आफ्नो जीवनस्तर उकासिरहेका छन् । स्थानीय समुदायमा रोजगारी र आत्मनिर्भरताको आधार निर्माण गरिरहेका छन् ।

**रोजगारी, आय र आत्मनिर्भरता**

वन पैदावर उद्योगको सबैभन्दा सकारात्मक प्रभाव ग्रामीण महिलाको जीवनमा देखिएको छ । परम्परागत रूपमा घरधन्दामै सीमित रहने महिला अहिले उत्पादन, व्यवस्थापन र उद्यमशीलताका क्षेत्रमा सक्रिय बन्दै गएका छन् ।

विशेषगरी एकल महिला, विपन्न परिवार तथा सीमित अवसर भएका महिलाका लागि यस्ता उद्योग जीवन परिवर्तन गर्ने माध्यम बनेका छन् । बोहराको उद्योगमा रोजगारी प्राप्त गरिरहनुभएकी रङ्गा उपाध्याय एकल महिला हुन । श्रीमान् नहुँदा सन्तानको जिम्मेवारी सम्हाल्न कठिन भइरहेका बेला आफ्नै कमाइले घर खर्च चलाउन सहज भएको उनी बताउँछन ।

पहिले धेरै महिला आर्थिक रूपमा परिवारमा पूर्ण रूपमा निर्भर थिए । अहिले उनीहरूले आफ्नै कमाई गर्न थालेपछि परिवारको आर्थिक अवस्था सुधारिएको छ । बालबालिकाको शिक्षा, स्वास्थ्य तथा दैनिक आवश्यकता पूरा गर्न सहज भएको छ । दुनाटपरी उद्योग मात्र होइन, बाँस र बेतमा आधारित उद्योगमा महिलाको सहभागिता छ । हस्तकला, सजावटी सामग्री तथा घरायसी प्रयोगका सामग्री उत्पादनमा महिलाले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

कैलालीको टीकापुरस्थित तिलगङ्गा बेत-बाँस फर्निचर उद्योगमा कार्यरत हिराकुमारी चौधरी बेतबाट विभिन्न सामग्री बनाउँछन् । उनका अनुसार यस कामबाट दैनिक रु ८०० देखि एकहजारसम्म आम्दानी हुने गरेको छ । पहिले घरखर्च व्यवस्थापन गर्न कठिन हुने गरे पनि अहिले आफ्नै कमाइले ऋणको ब्याज तिर्न, बालबालिकालाई विद्यालयका लागि खाजा खर्च दिन तथा अन्य खर्च जुटाउन सहज भएको उनी बताउँछन ।

# राष्ट्रिय जनसङ्ख्या नीति सार्वजनिक

**◣युग संवाददाता**
**सुर्खेत, २० जेठ ।**

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय काठमाडौंले कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा राष्ट्रिय जनसङ्ख्या नीति २०८२ को सार्वजनिकीकरण तथा अभिमुखीकरण गरेको छ ।

उक्त कार्यक्रममा जनसङ्ख्या व्यवस्थापन महाशाखाका सहसचिव हेमराज सुवेदीले नीति कार्यान्वयनका संस्थागत, कानुनी, वित्तीय व्यवस्थाका साथै समन्वय र जोखिम पहिचान र व्यवस्थापन, अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन, कार्ययोजना, नीति खारेजी तथा बचाउका बारेमा जानकारी दिए । नीतिमा चार उद्देश्य, २० विशेषता, २७ रणनीति, १२० कार्ययोजना र दुई वटा अनुसूची छन् ।

मन्त्रालयका जनसङ्ख्या व्यवस्थापन महाशाखा (तथ्याङ्क) का उपसचिव झविन्द्रप्रसाद पाण्डेयले नेपालको समग्र जनसाङ्ख्यिक अवस्थाबारे आफ्नो प्रस्तुति राखेका थिए । कार्यक्रममा सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्यायले लागुऔषध, सडक दुर्घटना, आत्महत्याजस्ता घटना पछिल्लो समयमा बढिरहेकाले ती समस्या समाधान गर्ने नीति बन्नुपर्ने र त्यसको कार्यान्वयन प्रभावकारी हुनुपर्नेमा जोड दिए । संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए) नेपालका अधिकृत तीर्थमान तामाङले बुहप्रतिक्षित नीति बन्नुमा उल्लेखनीय उपलब्धि हासिल भएको जानकारी दिए ।

## चुरे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**घरखेडा,कैलाली**
**सुदूरपश्चिम प्रदेश,नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८३/०२/२१ (4th June, 2026)**

यस चुरे गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको आ.व २०८२/०८३ अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यका लागि प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं | विवरण | बोलपत्र स्वीकृतिको आशय दिइएको बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | CRM/NCB/ Goods/03/082/083 | Supply And Delivery Of Medicine And Surgical Equipment | Subisu Medicine Suppliers, Chhetrapati, Kathmandu-18 | Rs 9,26,727.65 /- |

**प्रमुख प्रशासकीय अधिकृत**

## यू-१९ राष्ट्रिय...

विश्वास व्यक्त गरे ।

प्रतियोगिताले देशभरका प्रतिभावान महिला क्रिकेटरलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै कर्णालीलाई राष्ट्रिय खेलकुद गतिविधिको महत्वपूर्ण केन्द्रका रूपमा स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको उनले बताए ।

प्रतियोगिताका लागि खेल मैदान, आवास, यातायात, सुरक्षा, स्वास्थ्य सेवा लगायतका सम्पूर्ण व्यवस्थापकीय तयारी तीव्र रूपमा अघि बढाइएको आयोजकले जनाएको छ । साथै, आगामी दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीमा समेत यस प्रतियोगिताले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको कोषाध्यक्ष खड्काको भनाइ छ ।

प्रतियोगितामा विजेता टोलीले पाँच लाख रुपैयाँ तथा उपविजेता टोलीले तीन लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । यस्तै, सर्वोत्कृष्ट खेलाडीलाई ४० हजार रुपैयाँ, उत्कृष्ट ब्याटर र उत्कृष्ट बलरलाई जनही २५ हजार रुपैयाँ तथा प्रत्येक खेलको 'प्लेयर अफ द म्याच' लाई ३ हजार रुपैयाँ प्रदान गरिनेछ ।

प्रतियोगिताले कर्णालीका स्थानीय खेलाडी मात्र नभई देशभरका प्रतिभावान महिला क्रिकेटरहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्ने महत्वपूर्ण अवसर प्रदान गर्ने विश्वास लिइएको छ । यो प्रतियोगिताले आसन्न दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको बलियो आधार तयार गर्ने आयोजकको अपेक्षा छ ।

## कार्यान्वयन...

कानुन, प्रदेश सभामा प्रस्तुत भएको आर्थिक वर्ष २०८३/०८४ को बजेटका सिद्धान्त तथा प्राथमिकता र वर्तमान राजनीतिक, सामाजिक तथा आर्थिक परिवेश एवम् कर्णाली प्रदेश सरकारले विगतदेखि नै कार्यान्वयनमा ल्याएका नीति तथा कार्यक्रमहरू प्राथमिकतामा राखिएको छ ।

सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य उत्पादनमा आत्मनिर्भर तथा निर्यातलाई प्रोत्साहन गर्ने नीति लिइने जनाइएको छ । शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक गुणस्तर सुधारमार्फत सुसंस्कृत मानव पुँजीको विकास गर्ने, स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच र गुणस्तर सुनिश्चित गर्नका लागि स्वास्थ्य सेवाको विस्तार र सुदृढीकरणलाई नीति तथा कार्यक्रमले प्राथमिकता राखेको छ ।

त्यस्तै, व्यवसायिक सीप एवम् उद्यमशीलता विकास गरी रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गर्दै युवामा सकारात्मक रूपान्तरण ल्याउने, दिगो र गुणस्तरीय सडक सञ्जालको विकास र विस्तार गर्दै प्रदेशको समग्र भौतिक पूर्वाधारको विकास गर्ने, स्वच्छ एवम् सर्वसुलभ खानेपानी सेवा तथा सिँचाइ सुविधा र ऊर्जा क्षेत्रको विकास तथा विस्तार गर्ने, वन क्षेत्रको दिगो व्यवस्थापनमार्फत आयआर्जन, जीवनस्तर सुधार, पर्यापर्यटन तथा वातावरण संरक्षणको नीति आगामी आर्थिक वर्षमा लिइने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ ।

त्यस्तै, प्रशासनिक संरचनाको सुदृढीकरण तथा सूचना प्रविधिमा आधारित सेवा प्रवाहमार्फत सुशासन कायम गर्ने, बहुवर्षीय तथा स्रोत सुनिश्चितता प्राप्त आयोजनामा पर्याप्त रकम विनियोजन गर्दै विनियोजन दक्षता कायम गरी आयोजना सुशासन कायम गर्ने, प्रशासनिक खर्चमा मितव्ययिताको सिद्धान्त अवलम्बन गर्दै शून्य बेरुजु अभियानमार्फत वित्तीय सुशासन प्रवर्द्धनको विषय सरकारले आफ्नो नीति तथा कार्यक्रममा प्राथमिकता दिएको छ ।

प्रदेश सरकारले सार्वजनिक गरको नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको तहमा लैजाने हो भने सकरात्मक नतिजा हासिल गर्न सकिने देखिन्छ । विगतको तुलनामा केही सुधार भएर आएको नीति तथा कार्यक्रमले रुपान्तरणकारी योजना भने समावेश गरेको छैन । विगतमा नीति ल्याउने तर कार्यान्वयन नगर्ने परिपाटीले आगामी वर्षमा पनि प्रसय पाए सार्वजनिक सरकारको नीति तथा कार्यक्रमले कर्णालीलाई समृद्धिको उचाई दिन सक्ने गरी आएको देखिदैन ।

**पर्यटन र उर्जाका पुरानै नीति**

प्रदेश सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा पर्यटन र उर्जा क्षेत्रका योजना पनि विगतकै छन् । संघीय सरकारको सहकार्यमा सार्वजनिक निजी साझेदारीमा २० मेगावाट सम्मका जलविद्युत् आयोजना र उच्च हिमाली क्षेत्रमा वायुबाट ऊर्जा उत्पादन गर्न सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइने योजना पनि विगतकै हुन् ।

कर्णालीको पानी-जनताको लगानी अभियानमार्फत कर्णाली प्रदेशमा विकसित हुने जलविद्युत आयोजनाहरूमा स्थानीय कर्णालीवासीको सेयर लगानीलाई प्रोत्साहित गर्न पहल गर्ने योजना नीतिमै सीमित छन् । उद्योग तथा व्यवसायको दर्ता, नवीकरण, नियमन सम्बन्धमा देखिएका कानूनी जटिलता हटाउन कानूनमा संशोधन गरिने योजना पनि पुरानै हुन् ।

पर्यापर्यटन, ग्रामीण पर्यटन र होमस्टेलाई प्रवर्द्धन गर्न नागरिकलाई पर्यटनसम्बद्ध रोजगारी, हस्पिटालिटी र रेस्क्युसम्बन्धी कार्यक्रम सञ्चालन गरिने योजना प्रदेश सरकारको छ । स्थानीय युवाहरूलाई ट्रेकिङ्ग गाइड, हस्पिटालिटी, स्थानीय मौलिक वास्तुकला, रैथाने बालीबाट उत्पादित परिकारसम्बन्धी तालिम प्रदान गरिने योजना कर्णालीको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भएपनि कार्यान्वयनमा जान सकेका छैनन् ।

कर्णालीको विशिष्टतामा आधारित पर्यटन प्रवर्द्धन गर्न कर्णाली पर्यटन दशक (२०८३/०८४-२०९३/०९४) सुरुवात गर्ने दावी सरकारले गरेको छ । संसारको गन्तव्य नेपालः नेपालको गन्तव्य कर्णाली भन्ने नारालाई अन्तर्राष्ट्रिय बजार (विशेष गरी भारत र चीन) मा प्रचारप्रसार गरिनुको साथै पर्यटन सूचना केन्द्रलाई व्यवस्थित बनाइने योजना पनि यसअघि आइसकेको छ । सरकारका वार्षिक नीति तथा कार्यक्रममा समावेश हुने रोजगारी सिर्जनासँग सम्बिन्धत योजना पनि कार्यान्वयन नभएको अवस्था छ ।

आगामी वर्षका लागि अघि सारिएको स्टार्टअप कर्जा कार्यक्रममार्फत प्रदेशमा नवप्रवर्तनशील सोच भएका युवालाई नयाँ उद्यम विकासको वातावरण निर्माण गरिने योजना पनि पुरानै हो । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश भएको बिजनेस इन्क्युबेसन सेन्टर स्थापना तथा सञ्चालनमा सहकार्य गरिने योजना पनि आगामी वर्षका लागि समावेश भएको छ ।

**गफैमा सीमित सेवा प्रवाह चुस्त बनाउने योजना**

सरकारका वार्षिक नीति तथा कार्यक्रममा समावेश हुने सेवा प्रवाहलाई चुस्त बनाउने योजना गफैमा सीमित भइरहेका छन् । प्रदेशका मन्त्रालय तथा अन्य प्रशासनिक निकायको कार्यविभाजन, कार्यविशिष्टीकरण, कार्यबोझ तथा कार्यचाप अनुकूल हुने गरी चुस्त र नागरिकमैत्री बनाउन प्रशासनिक पुनर्संरचनालाई प्राथमिकता दिइने योजना पनि पुरानै हो ।

सीमित र दोहोरो कार्यक्षेत्र भएका निकायहरू एकआपसमा गाभ्ने, खारेज गर्ने वा पुनर्संरचना गर्ने हरेक वर्षका नीति तथा कार्यक्रमा समावेश हुन्छन् । तर, कार्यान्वयनमा जादैनन् । प्रदेश सरकारका निकायबिच निरन्तर समन्वय गर्दै बेरुजु फर्स्यौटलाई प्राथमिकतामा राखी शून्य बेरूजु अभियानमार्फत वित्तीय सुशासन प्रवर्द्धन गर्ने योजना पनि गफैमा सीमित भइरहेको छ ।

**के भन्छ प्रतिपक्ष ?**

प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का प्रमुख सचेतक कृष्णबहादुर जिसीले प्रदेश सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रम आशा जगाउने गरी नआएको टिप्पणी गर्छन । जिसीले सरकारले ल्याएको नीति तथा कार्यक्रमले जनतामा कुनै नयाँ आशा र भरोसा जगाउन नसकेको टिप्पणी गरे । उनका अनुसार नीति तथा कार्यक्रम अत्यन्तै संकुचित र सीमित घेरामा खुम्चिएको छ ।

उनले कार्यक्रममा समावेश गरिएका कतिपय योजना पुरानै प्रकृतिका रहेको र कार्यान्वयन हुनेमा समेत आशंका रहेको बताए । प्रदेशको समग्र विकासका लागि आवश्यक नयाँ सोच, स्पष्ट कार्यदिशा र परिणाममुखी कार्यक्रमको अभाव रहेको उनको भनाइ थियो । जिसीले भने, 'विधायिकाको प्रभावकारिता अभिवृद्धि, भौतिक पूर्वाधार विकास तथा ऐतिहासिक सम्पदाको संरक्षणका विषयमा सरकार पर्याप्त रूपमा गम्भीर नदेखिएको छैन । प्रदेशको आवश्यकता र जनअपेक्षाअनुसारका कार्यक्रम समेट्न सरकार असफल भएको देखिन्छ ।'

प्रमुख सचेतक जिसीले प्रदेशको समग्र विकास र जनताको आवश्यकता सम्बोधन गर्नुभन्दा नीति तथा कार्यक्रम मन्त्रीहरूको व्यक्तिगत दृष्टिकोण र प्राथमिकताबाट प्रभावित भएको टिप्पणी गरे । उनले प्रदेशको दीर्घकालीन हित, उत्पादन, रोजगारी, सामाजिक न्याय र सुशासनका सवालमा थप स्पष्टता र प्रतिबद्धता नीति तथा कार्यक्रममा नदेखिएको उनको दावी छ ।

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८३।०२।२१ गते )**

वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं ८ मा सञ्चालित तपसिल बमोजिम खानेपानी योजनाको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्गस् र इलेक्ट्रिकल लिफ्ट प्रणालीमा प्रयोग हुने आवश्यक सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामग्रीहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपसिलः**

| सिलबन्दी दरभाउपत्र नंम्बर | खानेपानी योजना/उपभोक्ता समितिको नाम | उपभोक्ता समितिको बैंक खाता नम्बर | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित, भ्याट बाहेक) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरि) | बोलपत्र जमानत वापतको रकम रु |
|---|---|---|---|---|---|
| 55002-08DWSA | ठूलोखोला ज्यामिरे लिफ्ट खानेपानी योजना उपभोक्ता समिति, ब.कु.न.पा. ८ (लिफ्ट भाग) | २२४८२२३०८०११०४७० | ५९,९७,२८८।०९ | ३०००।- | १,४९,९५०।०० |
| 55002-08DWSB | ठूलोखोला ज्यामिरे लिफ्ट खानेपानी योजना उपभोक्ता समिति, ब.कु.न.पा. ८ (ग्रयाभिटी भाग) | २२४८२२३०८०११०४७० | २९,००,२८०।३४ | ३०००।- | ७२,६००।०० |

**शर्तहरुः**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्सहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथी उल्लेखित शुल्क तिरी (पछि फिर्ता नहुने गरी) वनगाड कुपिण्डे नगरपालिकाको सल्लीबजार शाखामा रहेको लक्ष्मि सनराईज बैंक लिमिटेड Account Name GA. 1.1 AANTARIK RAJASWO KHATA BANGAD KUPINDE, Account Number 06903000017 मा नगदै रकम दाखिला गरेको भौचर प्रतिलिपि वा https://sutra.fcgo.gov.np मार्फत सृजित भौचर प्रतिलिपि पेश गरेमा खरिद गर्न पाईनेछ र दरभाउपत्र पेश गर्दा उल्लेखित उपभोक्ता समितिको नाममा बैंकमा रहेको खाता नम्बरमा बैंक ग्यारेन्टी वा नगद रकम जम्मा गरेको भौचर सहीत लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पव्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनको कार्यालय समय भित्र सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको आयोजना सहयोग इकाइ सुर्खेत वा नगर कार्यपालिकाको कार्यालय वनगाड कुपिण्डे नगरपालिकाबाट खरिद गर्न सकिनेछ ।
२. खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको सोह्रौं दिनको १२:०० बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थाबाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाई मान्य बोलपत्र/दरभाउ जमानत सहितको ग्यारेन्टी पत्र वा उपभोक्ता समितिको बैंकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समितिको अध्यक्षलाई निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ । दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र नं 55002-08DWS, उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।
३. सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र वढि घटि भएमा कार्य सम्पादन जमानत रकम रु = [०.८५ × लागत अनुमान – कबोल मुल्य) ×०.५]+५% कवोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ता समितिको वैक खातामा जम्मा गर्नु पर्नेछ ।
४. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफैं उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ । हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौ दिनको १२:०० (२०८३।०३।०५ गते) बजे भित्र खरिद गरिएको कार्यालय आयोजना सहयोग इकाइ सुर्खेत वा वनगाड कुपिण्डे नगरपालिकाको कार्यालय देवस्थलमा प्राप्त भईसक्नु पर्नेछ ।
५. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले रोडहेडसम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाँच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ ।
६. उपरोक्तानुसार प्राप्त भएका दरभाउपत्रहरु मिति २०८३।०३।०५ गते दिउसो ४:५५ बजे नगरकार्यपालिकाको कार्यालय देवस्थलमा खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।
७. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।
८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।
९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिमा सुरक्षित रहनेछ ।
१०. यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र फाराम साथै उपलव्ध गराइनेछ । अन्य शर्तहरु आयोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ ।
११. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना नगर कार्यपालिकाको कार्यालय, देवस्थलको सूचना पाटीमा टाँस गरिनेछ ।
१२. अन्य थप जानकारी चाहिएमा आयोजना सहयोग इकाइ सुर्खेत वा सल्यान जिल्ला वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई (मोवाईल नम्बर ९८४७८८६८७१ वा ९८४९५२७००४) मा सम्पर्क गर्न सकिनेछ ।

**खरिद समिति**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
द.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# आगामी आर्थिक वर्षको बजेट सकारात्मक, हस्तकला क्षेत्र उत्साहित

**युग संवाददाता**
**काठमाडौँ, २० जेठ ।**

नेपाल हस्तकला महासङ्घले आगामी आर्थिक वर्षको बजेट सकारात्मक भएको बताएको छ। महासङ्घका कार्यवाहक अध्यक्ष राजमान बज्राचार्यले आज एक विज्ञप्ति जारी गरी आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले स्वदेशी उद्योग र हस्तकला क्षेत्रलाई प्रोत्साहन गर्ने बताएका हुन।

महासङ्घले बजेटले आर्थिक सुधार, निजी क्षेत्रको प्रवर्द्धन र कर प्रणालीमा सरलीकरणलाई प्राथमिकता दिएको भन्दै यसको स्वागत गरेको छ। बजेटले २७३ प्रकारका औद्योगिक कच्चापदार्थमा भन्सार दर घटाएको र ३६० वस्तुमा लाग्दै आएको अन्तःशुल्क खारेज गरेको विषयलाई सकारात्मक रूपमा लिएको छ।

"कच्चापदार्थ र तयारी वस्तुको करको दरबीच सन्तुलन कायम गर्ने प्रयासले स्वदेशी उद्योगको उत्पादन लागत घट्ने र निर्यात बढ्ने हाम्रो विश्वास छ," महासङ्घद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

त्यस्तै, अधिकतम आयकरको दर ३९ प्रतिशतबाट घटाएर २९ प्रतिशतमा कायम गरिनु र वार्षिक रु १० लाखसम्म आय गर्नेलाई न्यून करको दायरामा ल्याइनुले हस्तकला क्षेत्रका लघु, साना तथा मझौला उद्यमीहरू लाभान्वित हुने महासङ्घको अपेक्षा छ। बजेटमा उल्लिखित सहुलियतपूर्ण कर्जाको व्यवस्थाले हस्तकला क्षेत्रमा संलग्न ठूलो सङ्ख्याका महिला उद्यमी प्रोत्साहित हुने महासङ्घले जनाएको छ।

त्यस्तै, स्वदेशी काष्ठ उद्योगलाई प्रोत्साहित गर्ने बजेटको नीतिले काष्ठकला क्षेत्रमा कच्चापदार्थको आपूर्ति सहज भई अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धी क्षमता बढ्ने विश्वास महासङ्घले लिएको छ। त्यसैगरी, कम्पनी बन्द गर्ने प्रक्रिया सहज बनाउने, बौद्धिक सम्पत्तिसम्बन्धी कानुन तर्जुमा गर्ने र निर्यातमा दिइँदै आएको नगद प्रोत्साहनलाई निरन्तरता दिनेजस्ता घोषणाले उद्योगीमा उत्साह थपेको महासङ्घले जनाएको छ।

## लोक...

प्राथमिकीकरण गर्दै दोस्रो पञ्चवर्षीय योजनाले प्राथमिकतामा राखेका रणनीतिक सडक, आर्थिक करिडोर, कृषि सडक तथा पर्यटन पहुँच मार्गको निर्माण, स्तरोन्नति, सुरक्षा र संरक्षणलाई उच्च प्राथमिकता दिने जनाएको छ। यी योजना नयाँ भने होइनन्। आवधिक योजनाले प्राथमिकतामा राखेका सडक पूर्वाधार निर्माणका योजना वर्षेनी नीति तथा कार्यक्रममा समावेश हुन्छन्, तर कार्यान्वयन भने हुँदैनन्।

## दोहोरिए...

उत्पादनको ब्रान्डिङ, बजार पहुँच, आयात व्यवस्थापन, रोजगारी सिर्जना तथा युवा उद्यमशीलता प्रवर्द्धन गरिने योजना पनि नीतिमै सीमित छन्। भूमिसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन गरी सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण, गुठी व्यवस्थापन तथा संरक्षणका साथै खेतीयोग्य जमिनको संरक्षण गर्दै बाँझो जमिनको पहिचान गरी व्यावसायिक खेतीमा युवालाई आकर्षित गरिने योजना चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश भएपनि कार्यान्वयन भने भएको छैन।

## प्रदेश...

योजना (२०८३/०८४-२०९३/०९४) तर्जुमा गरी कार्यान्वयन गर्ने महत्वाकांक्षी योजना अघि सारेको छ। प्रदेशमा सञ्चालित सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा सुधारका कार्यक्रम सञ्चालन गरिने छ।

विद्यालयमा डिजिटल पूर्वाधार विस्तार गरी शैक्षिक क्रियाकलापमा प्रविधिको प्रयोग बढाइने भनेको छ। विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षकको क्षमता तथा पेसागत विकासका कार्यक्रम सञ्चालन गरिने पनि नीति तथा कार्यक्रममा भनिएको छ। शैक्षिक गुणस्तर सुधार र विद्यार्थी ड्रप आउट न्यूनीकरण गर्न स्थानीय तहलाई थप वित्तीय तथा प्राविधिक सहायता प्रदान गर्ने, शिक्षक विद्यार्थी अनुपात उच्च रहेका विद्यालयका लागि शिक्षण अनुदान उपलब्ध गराउने कार्यक्रमलाई विस्तार गरिने योजना पनि विगतका नीति तथा कार्यक्रममा आइसकेका छन्।

आगामी आर्थिक वर्षमा खेल पूर्वाधारको विकासका लागि रणनीतिक स्थानको पहिचान तथा छनोट गरी खेलमैदान निर्माण गर्ने घोषणा गरेको सरकारले कर्णालीमा आयोजना हुने १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न संघीय सरकारसँग समन्वय गरेर पूर्वाधारलगायत आवश्यक तयारी पूरा गर्ने भनेको छ। तर, झण्डै एक अर्ब खर्चेर १०औं राष्ट्रिय खेलकुदका लागि निर्माण भइरहेको कर्णाली प्रादेशिक रंगशालालाई पूर्णता दिन सकेको छैन। अहिले आयोजना एक प्रतिशतमा आएर अलपत्र जस्तै बनेको छ।

### बाँकेको शिक्षा क्षेत्रमा चुनौतीको चाङ :

# शिक्षक अभाव, सीमित बजेट र कमजोर पूर्वाधार

**सरला सुवेदी**
**बाँके, २० जेठ ।**

बाँके जिल्लामा ठूलो संख्यामा बालविकास केन्द्र तथा विद्यालय सञ्चालनमा रहे पनि शिक्षक दरबन्दीको अभाव, सीमित बजेट र कमजोर भौतिक पूर्वाधारका कारण शिक्षा क्षेत्रले विभिन्न चुनौती सामना गरिरहेको छ। सरोकारवालाहरूका अनुसार विद्यालयको पहुँच विस्तार भए पनि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न आवश्यक स्रोतसाधन अझै पर्याप्त हुन सकेको छैन।




शिक्षा विकास तथा समन्वय इकाइ बाँकेको तथ्यांकअनुसार जिल्लाका आठवटै स्थानीय तहमा विद्यालयमा आधारित ५०० र समुदायमा आधारित ८४ गरी कुल ५८४ बालविकास केन्द्र सञ्चालनमा छन्। नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, राप्तीसोनारी गाउँपालिका, बैजनाथ गाउँपालिका, खजुरा गाउँपालिका, जानकी गाउँपालिका, डुडुवा गाउँपालिका र नरैनापुर गाउँपालिकामा बालविकास केन्द्रहरूको उल्लेख्य उपस्थिति रहेको छ।

जिल्लाभर २५१ वटा आधारभूत तथा माध्यमिक विद्यालय र १३५ वटा धार्मिक विद्यालय सञ्चालनमा रहेका छन्। कक्षा-१ देखि ५, १ देखि ८, १ देखि १० तथा १ देखि १२ सम्मका विद्यालयहरूले शैक्षिक सेवा प्रदान गरिरहेका छन्। विद्यालयको संख्या पर्याप्त देखिए पनि शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार विकास र आर्थिक स्रोतको अभावले शिक्षण सिकाइ प्रक्रियामा प्रभाव पारिरहेको छ।

तथ्यांकअनुसार प्राथमिक तहमा ५९० जना बालविकास शिक्षक कार्यरत छन्। स्थायी शिक्षकतर्फ प्रथम श्रेणीका १९, द्वितीय श्रेणीका २६६ र तृतीय श्रेणीका ४७७ जना रहेका छन्। यसका अतिरिक्त राहत, अस्थायी तथा स्थानीय तहको अनुदानमा कार्यरत सयौं शिक्षकले विद्यालयमा पठनपाठन गराइरहेका छन्।

निम्न माध्यमिक तहमा पनि राहत, संघीय अनुदान, पालिका अनुदान तथा स्वयंसेवक शिक्षकहरूको उल्लेखनीय सहभागिता रहेको छ। माध्यमिक तहमा भने स्थायी शिक्षक दरबन्दी सीमित छ।

उपलब्ध तथ्यांकअनुसार प्रथम श्रेणीका ३, द्वितीय श्रेणीका २३ र तृतीय श्रेणीका १२४ जना स्थायी शिक्षक मात्रै कार्यरत छन्। उच्च माध्यमिक तहमा समेत दरबन्दी न्यून हुँदा अधिकांश शैक्षिक गतिविधि अनुदान तथा अस्थायी शिक्षककै भरमा सञ्चालन भइरहेको अवस्था छ।

शिक्षा क्षेत्रका जानकारहरूका अनुसार गुणस्तरीय शिक्षा सुनिश्चित गर्न पर्याप्त बजेट, आवश्यकता अनुसार शिक्षक दरबन्दी, आधुनिक शिक्षण पूर्वाधार र विद्यालय सञ्चालनका लागि नियमित आर्थिक स्रोत अपरिहार्य छन्। उनीहरूका अनुसार शिक्षक व्यवस्थापन र पूर्वाधार सुधारबिना शैक्षिक गुणस्तरमा अपेक्षित सुधार ल्याउन कठिन हुनेछ।

सीमित स्रोतसाधनका बाबजुद बाँकेका सामुदायिक विद्यालयहरूले शिक्षाको पहुँच विस्तार र विद्यार्थीलाई पठनपाठनको अवसर उपलब्ध गराउँदै आएका छन्। तर दीर्घकालीन रूपमा शिक्षा क्षेत्रलाई सुदृढ बनाउन संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय, लगानी वृद्धि तथा योजनाबद्ध कार्यान्वयन आवश्यक रहेको सरोकारवालाहरूको निष्कर्ष छ। शिक्षा क्षेत्रमा देखिएका संरचनागत समस्याको समाधान गर्दै गुणस्तरीय र समावेशी शिक्षातर्फ अघि बढ्नु अहिलेको प्रमुख आवश्यकता बनेको छ।

# बजेटले अर्थतन्त्रलाई नयाँ दिशा दिने सिएनआईको विश्वास

**युग संवाददाता**
**काठमाडौँ, २० जेठ ।**


नेपाल उद्योग परिसङ्घ (सिएनआई)ले सरकारले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८३/८४ को बजेटलाई सकारात्मक रुपमा लिएको जनाउँदै औद्योगिक प्रवर्द्धनलाई केन्द्रमा राखेर ल्याइएको यो बजेटको प्रभावकारी कार्यान्वयनले मुलुकको अर्थतन्त्रलाई नयाँ दिशा दिन आधार तयार गर्ने विश्वास व्यक्त गरेको छ।

परिसङ्घले एक विज्ञप्ति जारी गरी बजेटले आन्तरिक उत्पादनसँगै विदेशी लगानीकर्तालाई समेत आकर्षित गर्ने बताएको छ। उत्पादनमूलक उद्योगका लागि तयारी वस्तु र कच्चा पदार्थको भन्सारमा एक तह फरक गर्ने २७३ वस्तुको भन्सार घटाउने निर्णयले स्वदेशी उत्पादनलाई प्रतिस्पर्धी बनाउने र औद्योगिकरणको गतिलाई तीव्रता दिन सहयोग गर्ने जनाइएको छ। तीन सय ३६० वटा वस्तुमा अन्तःशुल्क खारेजीले उत्पादन लागत कम गर्न सहयोग गर्ने परिसङ्घको विश्वास छ।

त्यसैगरी, वन तथा प्राकृतिक स्रोतको समुचित प्रयोग, हरित औद्योगिकीकरण, रोजगारी सृजना र आयात प्रतिस्थापनलाई प्राथमिकता, मोतीपुर र मयूरधापजस्ता औद्योगिक क्षेत्र निजी क्षेत्रले निर्माण र सञ्चालन गर्ने विषयले निजी क्षेत्रलाई प्रोत्साहन गर्नेछ। परिसङ्घले केही वर्ष अघिदेखि नै औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालनका लागि सरकारसमक्ष प्रस्तुत गरिएको जनाइएको छ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री सरिता शाही धनी रहेको, दर्ता नम्बर ६२२२८५०४७ बाट वीरेन्द्रनगर न.पा-०३, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री सृजनशिल कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।










**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।